# नेपाली हाते कागजका बस्तु उत्पादन

नेपाली हाते कागज, पूनः प्रयोग कागज, कटन फाइवर कागज स्थानीय अन्य कच्चा पदार्थ, सहायक कच्चा पदार्थ उपयोग गरी विभिन्नि कलात्मक नेपाली हाते कागजका उत्पादनहरु ( खाम, डेकोरेटिभ पेपर,क्यालेण्डर, नोटबुक, फोटो फ्रेम, भिजिटिङ्ग कार्ड बक्स, ल्याम्पसेट आदि) बनाई मूल्य अभिबृद्धि गर्न सकिन्छ। नेपाली हाते कागज वा अन्य पूनः प्रयोग गरिएका कागज तथा अरु कच्चा पदार्थबाट उत्पादित उत्पादनहरु आकर्षक र वातावरण मैत्री हुने हुँदा निकासी जन्य बनाउन सकिन्छ। तसर्थ थोरै पूँजीमा  कागजका उत्पादनहरु बनाउने उद्यमीहरुलाई घरेलु तथा साना उद्योग दर्ता गर्न सजिलोहोस भनी आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजिएको छ। उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका इफिसियन्सी, उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन्। आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋण तथा ब्याजका बारेमा, इन्सुरेन्स प्रिमियमका बारेमा सचेत रहन्छन।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर खर्च, चल खर्च तथा भैपरिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ।

अझै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र  सक्रिय हुन अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ।  यस स्कीमले उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ तथा सुरक्षा, तालीम र अग्नी तथा विद्युतीय आकस्मिक घटनाका बारेमा समेत समेटेको छ ।

# उत्पादन प्रक्रिया:




नेपाली हाते कागजका बस्तु :(खाम, डेकोरेटिभ पेपर,क्यालेण्डर, नोटबुक, फोटो फ्रेम, भिजिटिङ्ग कार्ड बक्स, ल्याम्पसेट आदी) उत्पादन गर्ने प्रकृया

सर्ब प्रथम नेपाली हाते कागजलाई संकलन गरी छान्ने,

गुणस्तरीय कागजलाई आवश्यकता अनुसारको रंगमा रंगाउने

रंगाई प्रकृया सकपछि उक्त कागजलाई सुकाउने

नरम ब्रशले सफा गर्ने

कागजको सतह (स्मुथ बनाउन क्यलेण्डरीङ मेशिनमा पठाई) मिलाउने

उत्पादन हुने बस्तुको आवश्यकता अनुसार कटिङ गरी विभिन्न किसिमका नेपाली हाते कागजका बस्तुहरु जस्तैः खाम, डेकोरेटिभ पेपर,क्यालेण्डर, नोटबुक, फोटो फ्रेम, भिजिटिङ्ग कार्ड बक्स, ल्यापसेट आदी उत्पादन गर्न माथीको प्रकृया अपनाइन्छ ।

# वातावरणीय पक्ष

प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | कागजको टुक्रा टाक्री, विग्रेको सहायक कच्चा पदार्थ<br>टुटेफुटेका / विग्रेका प्याकिङ्ग समान, |
| २ | तरल खेर पदार्थ | सर सफाईको क्रममा निस्कने खेर पानी, रंगेको पानी |
| ३ | ध्वनी प्रदुषण | जेनेरेटर, कटिङ्ग र क्यालेण्डरीङ मेशिन संचालनबाट निश्कने आवाज, |
| ४ | वायु प्रदुषण | गन्ध, जेनेरेटरको धुँवा |

रोकथामका उपायहरु

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | कागजको टुक्रा टाक्री, लाई कममूल्यमा विक्री वितरण गर्न सकिन्छ ।<br>टुटेफुटेका / विग्रेका प्याकिङ्ग समान कवाडी संकलन गर्नेहरुलाई विक्री वितरण गर्न सकिन्छ । |
| २ | तरल खेर पदार्थ | डाइ गर्ने भाडा सर सफाईको क्रममा निस्कने खेर पानी निम्नानुसार उपचार गर्न सकिन्छ ।<br>प्रस्तावित उद्योगबाट निस्कने फोहोर पानीमा तैरिरहेको ठोस पदार्थ बार स्क्रिनको सहायताबाट हटाइन्छ । तत् पश्चात खेर पानीलाई सेडिमेन्टेशन र न्युट्रलाईजेशन प्रकृया अपनाई पी.एच. लाई ६ देखी ८ भित्र पारीन्छ । यसरी न्युट्रलाइज भएको खेरपानीलाई Coagulants जस्तै Alum, बाट उपचार गरी Colloidal Organic Matter लाई छुटाउने काम गरिन्छ । त्यसपछि खेरपानीलाई टंयाकीमा जम्मा गरी एरिएशन गरी Sludge र शुद्ध पानी छुटाइन्छ । Sludge लाई सुकाई ल्याण्ड फिलिङ्गमा प्रयोग गर्न सकिन्छ भने शुद्धिकरण गरेको पानीलाई सार्वजनिक ढलमा नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही |

| | | |
|---|---|---|
| | | निश्काशन गर्न सकिन्छ । |
| ३ | ध्वनी प्रदुषण | जेनेरेटर, कटिङ्ग र क्यालेण्डरीङ मेशिन संचालनबाट निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको ब्यवस्था गर्न सकिने छ ।<br>✍ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्न  सकिनेछ ।<br>✍ मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइने छ  जसले  गर्दा कम आवाज निस्कने हुन्छ ।<br>✍ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को  ब्यबस्था गर्नु पर्ने हुन्छ ।<br>✍ क्यालेण्डरीङ  तथा अन्य ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्नु पर्ने हुन्छ ।<br>✍ यस्ता मेशिनलाई सकभर छुट्टै कोठामा जडान गर्नु पर्दछ । |
| ४ | वायु प्रदुषण | ✍ उत्पादन कक्षमा  एक्जष्ट फ्यान आदीको ब्यबस्थाले गर्दा प्रदुषीत बायु बाहिर जाने हुनाले वायु प्रदुषण न्यून हुन्छ । |

# वातावरण सम्बन्धी विवरण

सरसफाई

उद्योगबाट निस्कने , खेर जाने ठोस पर्दाथ प्याकिङ्ग मेटरीयल, Treatment plant बाट निस्कने Sludge हुन । प्याकिङ्ग मेटरीयल्स स्क्राप भेनडरलाई विक्री गरिने छ । Sludge सुकाएर Concrete Pit मा ब्यबस्थित गरी राखिने छ । फोहोर पानी Treatment Plant द्धारा उपचार गरी ब्यबस्थित गरिने छ ।

? कारखान मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गरिने छ ।
? Good House Keeping Practice अपनाइने छ ।
? सकेसम्म नेपाली हाते कागजलाई बिग्रनबाट रोक्ने
? सरसफाइमा प्रयोग गरिने पानी कम गरिने ।

कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गरिने छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराईने छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि प्रत्येक ३ महिनामा स्वास्थ्य परिक्षणको ब्यबस्था गरिने छ ।

ट्रेनिङ्ग**:**

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गरिने छ ।